# कमलामाई नगरपालिका

## नगर खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७६

**कार्यपालिका स्वीकृत मिति : २०७६।०९।१७**

**प्रस्तावना :**

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखि सु-संस्कृत समाजको निर्माण गर्न, स्वास्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत रहि स्वस्थ एवम अनुशासित नागरिकको पहचिना वनाई  राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेलाडीहरु उत्पादन गर्ने खेलकुदको क्षेत्रलाई विकास गर्न वान्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन २०७५ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी कमलामाई कमलामाई नगरपालिकाले **"नगर खेलकुद विकास समिति गठन तथा क्रियाकलाप संचालन सम्बनधी कार्यविधि, २०७६** कार्यपालिकावाट स्वीकृत भएको मितिवाट लागु हुने छ ।

परिच्छेद-१

## नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** : यो कार्यविधिको नाम **"कमलामाई नगर खेलकुद विकास समिति गठन एवं क्रियाकलाप संचालन सम्बन्धी कार्यविधि, २०७६"** रहने छ । यो कार्यविधि कार्यपालिकावाट निर्णय भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अथ नलागेमा यस कार्यविधिमा :

क) "कार्यविधि" भन्नाले "कमलामाई नगरपालिका, नगर खेलकुद विकास समिति गठन एवं क्रियाकलाप संचालन सम्बन्धि कार्यविधि २०७६" भन्ने सम्झनुपर्छ ।

ख) "नगर खेलकुद विकास समिति" भन्नाले दफा ४ बमोजिमको गठित नगर खेलकुद समिति भन्ने सम्झनु पर्छ ।

ग) "टिम, क्लब, संघ, संस्था" भननाले कमलामाई नगरपालिकामा तोकिए बमोजिम दर्ता भएका कमलामाई नगर क्षेत्र भित्रका टिम, क्लब र संघसंस्थाहरु भन्ने सम्झनु पर्छ ।

घ) "खेलाडी" भन्नाले टिम, क्लब, संघसंस्था संग सम्बद्ध खेलाडी भनने सम्झनु पर्छ ।

ङ) "प्रशिक्षार्थी" भन्नाले नगर खेलकुद विकास समिति द्वारा संचालित खेलकुद प्रशिक्षकमा सहभागी खेलाडी, टिम, क्लब, संघसंस्थामा समबद्ध सिकारु खेलाडी भनने सभ्झनु पर्छ ।

च) "प्रशिक्षक" भननाले कमलामाई नगरपालिकाद्वाराव संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षण, टिम, क्लब, संघसंस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद शिक्षक भन्ने सम्झनु पर्छ ।

छ) "नगरपालिका " भन्नाले कमलामाई नगरपालिकालाई सम्झनु पर्छ ।

ज) "कार्यपालिका " भन्नाले कमलामाई नगरपालिका नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

झ) "प्रमुख " भन्नाले कमलामाई नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

ञ) "प्रमुख " प्रशासकीय अधिकृत" भन्नाले कमलमाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

ट) "पदाधीकारी सदस्य " भन्नाले समितिको सम्पूर्ण सदस्यलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## उद्देश्य

३. **नगर खेलकुद विकास समितिका उद्देश्यहरु :**

क) नगरको कला, संस्कृति र खेलकुदको विकास, प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुऱ्याउने ।

ख) नगरभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

ग) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

घ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसंस्थालाई परिचालन गर्ने ।

ङ) खेलकुदको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने ।

च) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संघ संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।

ज) खेलकुद गति विधीहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

झ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायाम सघं खेलकुद व्यवस्था गर्न सहयोग पुऱ्याउने ।

ञ) कमलामाई नगरपालिकाभित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सकने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने ।

ट) टिम, क्लब, संघसंस्था, विषयगत खेल प्रशिक्षण समति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने ।

ठ) नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुका खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

ड) नगर खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

## परिच्छेद-३

## नगर खेलकुद विकास समितिको गठन र बैठक कार्यक्रम

४. (१) खेलकुद को क्षेत्रमा क्रियाशिल र ख्याती प्राप्त व्यक्ति मध्येवाट नगर कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी नगरपालिकामा एक नगर खेलकुद समिति गठन गर्नेछ ।

क) उल्लेखित सदस्यहरु मध्ये नगर प्रमुखले मनोनित गरेको - **१ जना (अध्यक्ष)**

ख) नगर प्रमुख ले तोकेको एक महिला सदस्य सहित - **सदस्य ४ जना**

ग) कार्यपालिकाले तोकेको - **सदस्य ३ जना**

घ) जिल्ला खेलकुद विकास समिति अध्यक्ष वा निजले तोकेको एक प्रतिनिधि **सदस्य -१ जना**

ङ)) नगरपालिका सामाजिक विकास समितिको संयोजक **सदस्य- १ जना**

च)नगरपालिकामा कार्यरत अधिकृत स्तरको कर्मचारी मध्ये : **सदस्य सचिव - १ जना**

(२) **उल्लेखित सदस्यहरु मध्येवाट नगर खेलकुद विकास समितिले उपाध्यक्ष मनोनित गर्नु पर्ने छ ।**

५. नगर खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले ४ वर्षको हुनेछ । सदस्य सचिवको हकमा निर्णयहरु नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

६. अध्यक्षले कुनै कारणले पदवाट राजिनामा दिन चाहेमा प्रमुख समक्ष र सदस्यले अध्यक्ष समक्ष राजिनामा दिनु पर्ने छ ।

७. पदावधि वाकी हुदै कुनै कारणवाट पद रिक्त भएमा निज जुन प्रकारले नियुक्ती भएको हो सो पदपमा वाकी अवधिकालागि सोही प्रकारले अर्को सदस्य मनोनयन हुने छ ।

८. समितिका कुनै सदस्यको कार्यसम्पादन सन्तोषजनक नदेखिएको भनि नगर कार्यपालिकाले ठहर गरेमा कुनैपनि पदाधिकारी वा सदस्यलाई पदवाट हटाउन वा फिर्तावोलाउन सक्नेछ । साथै त्यसरी रिक्त भएकोपदमा वाकी अवधिका जनु प्रकारले नियुक्ती भएको छ सोही प्रकारले नयाँ नियुक्ती गर्न सक्ने छ ।

९. समिति पदाधिकारी तथा सदस्यमा मनोनयनका लागि देहायवमोजिम योग्यता पुगेको हुनु पर्ने छ ।

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक

ख) नगरपालिका क्षेत्रभित्रको स्थायी वासिन्दा (सदस्य सचिव वाहेक) भएको

ग) खेलकुदको क्षेत्रमा महत्वपूर्ण यागेदान दिएको

घ) प्रचलित कानुनले अयोग्य नभएको

१०. **अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) नगर खेलकुद समितिको बैठकको अध्क्षता गर्ने र निर्णय कार्यानवयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी कार्यक्रमहरुको आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

ग) जिल्ला ,स्थानीय/प्रदेश राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा नगरपालिकाको प्रतिनिधित्व गर्ने ।

घ) नगर खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा नगरपालिकामा गर्नु पर्ने सम्पूर्ण सिफारिसहरु गर्ने ।

ङ) समितिले तोकेका अन्य कार्यहरु गर्ने/गराउने ।

११. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

क) समितिको प्रशासनिक प्रमुखको रुपमा कार्य गर्ने ।

ख) समितिलाई नितीगत रुपमा सरसल्लाह प्रदान गर्ने ।

ग) समितिको निर्णय कार्यान्वयन गर्ने ।

घ) निर्णयानुसार कोषको खर्च खाता संचालन गर्ने ।

ङ) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने ।

च) बैठक माइन्यूटिङ्ग उठाउने र बैठक संचालन सम्बनधी आवश्यक काम गर्ने ।

छ) खर्चमा मितव्ययिता अपनाउने र नियन्त्रण कायम गर्ने ।

१२. **समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) समग्र खेलकुद क्षेत्रको योजनाबद्ध विकास र सम्बर्द्धन गर्ने ।

ख) नगरपालिका तथा अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने ।

ग) सम्बद्ध कार्यका लागि वार्षिक योजना तयार गरी नगर सभाको बैठक अगाडी प्रमुख समक्ष पेश गर्ने ।

घ) नगरपालिका वा नगर सभाले स्वीकृत गरेका कार्यक्रमहरु संचालन गर्ने गराउने

ङ)	खेलकुद क्षेत्रका प्रतियोगिताहरु आयोजना गर्न सहयोग गर्ने ।

च)	खेलाडी, प्रशिक्षक, निर्णायकहरुलाई तालिम गराउने, प्रतियोगिताहरुमा सहभागी गराउने ।

छ)	खेल विषयमा विद्यालय स्तरमा छलफल तथा अन्तरक्रिया गरी शैक्षिक क्रियाकलाप संचालन गराउने ।

ज)	खेलकुद क्षेत्रमा क्रियाशील व्यक्तिहरुलाई सम्मानित, पुरस्कृत गर्न सिफारीस गर्ने र समितिले सम्मान, पुरस्कृत गर्ने ।

झ)	तालिम, प्रशिक्षण, कार्यशाला, गोष्ठिको आयोजना गर्ने ।

ञ)	खेल र खेलकुद क्षेत्रको अध्ययन अनुसन्धान, प्रकाशन गर्ने र खेलाडी, प्रशिक्षक, व्यवस्थापकहरुको बारेमा कृति पूकाशन गर्ने ।

ट)	खेलकुद क्षेत्रको विकासको लागि भौतिक निर्माण, कवर्डहल ,खेल मैदान ,खेलाडी उत्पादन, प्रशिक्षक तथा निर्णायक व्यक्ति उत्पादन र स्तर वृद्धिको योजना बनाई नगरपालिकामा पेश गर्ने

ठ)	वडासम्म खेलकुद विकास गर्न वडास्तरमा समेत खेलुकुद समिति गठन र कार्यक्रम संचालन गर्ने ।

ड)	सम्बन्धित क्षेत्रको अन्य विविध कार्यहरु गर्ने गराउने ।

## परिच्छेद-४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१३.	नगर खेलकुद विकास समिति आफैले वा नगरपालिकाले दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

१४.	नगर खेलकुद विकास समिति आफैले वा नगरभित्रका टिम, क्लबहरु मार्फत स्थानीय / प्रदेश राष्ट्रिय र अन्तराष्ट्रिय टीमसँग मैत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

१५.	**सल्लाहकार समितिको गठन** : नगर खेलकुद विकास समितिले नगर प्रमुख संगको परामर्शमा आवश्यकता अनुसार सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

१६. **अन्य उपसमितिहरुको गठन** : नगरखेलकुद विकास समितिले कुनै खेलकुद कार्यक्रम संचालन गर्न वा कुनै खेल विषेशलाई प्राथमिकता दिई विकास गर्न उपसमिति गठन गरी जिममेवारी तोक्न सक्नेछ ।

१७. **वडा स्तरीय खेलकुद समिति गठन गर्ने** : नगर खेलकुद समितिले न.पा. भित्रका सबै वडाहरुमा खेलकुद विकास गर्नका लागि ५ सदस्यिय वडा स्तरीय खेलकुद समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद-५

## नगर क्षेत्रभित्रका टीम, क्लब र संघसंस्थाहरुको दर्ता र व्यवस्थापन

१८. कमलामाई नगरपालिका भित्रका टीम, क्लब, समिति र संस्था आदिले नगर खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न नगरपालिकाले तोकेको दस्तुर तिरी दर्ता पनि गर्नु पर्नेछ ।

१९. दर्ता भएका टीम, क्लब, पुस्तकालयले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी नगर खेलकुद विकास समितिबाट स्वीकृत लिनु पर्नेछ । स्वीकृतीको प्रक्रिया नगरखेल समितिकले तोके बमोजिम हुनेछ ।

२०. दर्ता र नवीकरण गर्नु भन्दा पहिले नगर खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ ।

२१. नगरपालिकामा दर्ता भई नगर खेलकुद समितिबााट स्वीकृत लिएका टीम, क्लब, संघसंस्थाहरुले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद विकास समितिले उपलब्ध बजेट सिमा भित्र रही देहाय अनुसारको आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

क) वडा व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा

**रु. ५,०००।- देखि रु. १०,०००।- सम्म**

ख) नगर व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा

**रु. १०,०००।- देखि रु. २०,०००।- सम्म**

ग) जिल्ला व्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा

**रु. १५,०००।- देखि रु. ३०,०००।- सम्म**

घ) प्रादेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा

**रु. २०,०००।- देखि ५०,०००।- सम्म**

ङ) नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पु¥याउने प्रतियोगिताहरुको समबन्धमा उपयुक्त ढंगबाट सहयोग पु¥याउन नगरपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

## परिच्छेद–६

## कार्यक्रम संचालन तथा व्यवस्थापन

२२. नगर खेलकुद विकास समितिले नगरपालिकासँगको परामर्शमा देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न सक्नेछ :

क) राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

ख) खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अनतराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ

घ) नगरको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लब, संघसंस्थाका प्रतिनिधिहरुको ¥याली वा बैठक बोलाउन सक्नेछ ।

ङ) नगर क्षेत्र भित्र खेलकुद लगायत विविध क्रियाकलापहरु संचालन गर्नेछ ।

## परिच्छेद–७

## खेलकुद प्रतियोगिता व्यवस्थापन

२३. अन्तर नगरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आबद्ध टीम, क्लब, संघ संस्था वा विद्यालय, कलेजलाई सहभागी गराइनेछ ।

२४. खेलकुद समितिले निर्णय गरे बमोजिम नगरपालिका, क्षेत्र भन्दा बाहिर सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि हुने खर्च उपलब्ध गराइनेछ । खानु बस्नका लागि खर्च गर्दा खर्च मितव्ययिता अपनाउनु पर्छ । नगरपालिका भन्दा वाहिर खान वस्नका लागि प्रतिव्यक्ति प्रतिदिन रु. १०००।- भन्दा नबढ्ने गरी खर्च गर्नु पर्नेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लाग खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु. ५००।- का दरले प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी र प्रशिक्षकलाई बढीमा वार्षिक रु. ३,०००।- सम्मको सुविधा दिन सक्नेछ । तर खेलाडीले कुनै न कुनै प्रतियोगितामा भाग लिएको हुनु पर्नेछ ।

२५. नगर क्षेत्र भित्र संचालन हुने खेलकुद कार्यक्रममा भाग लिदा खान, बस्न प्रतिव्यक्ति प्रतिदिन रु. ५००।- मा नबढ्ने गरी निर्णय गरे बमोजिम हुनेछ ।

२६. नगर खेलकुद विकास समितिले नगरपालिकाको स्वीकृतीले नगर क्षेत्रभित्र विभिन्न खेलकुद तथा खेलाडीको लागि पोशाकाको निर्धारण तथा व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद-८

## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२७. नगर खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यकतानुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

२८. प्रशिक्षार्थीहरुले प्रशिक्षणमा समावेश हुन चाहेमा सम्बन्धित वडाको सिफारिस सहित नगर खेलकुद विकास समितिमा निर्धारीत फाराम बुझाई आवेदन दिनु पर्नेछ ।

२९. प्रशिक्षार्थीको फारम तथा अन्य शुल्क समितिको सिफारीसमा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

३०. कुनै खेल प्रशिक्षणको लगि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमाा एक जना प्रशिक्षक एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति भएको प्रशिक्षक र सहायक प्रशिक्षकलाई नगर खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ ।

३१. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ । आवश्यकतानुसार म्याद थपघट गर्न सकिन्छ ।

३२. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान सम्बन्धित व्यक्ति आफैले जुटाउनु पर्नेछ ।

३३. प्रशिक्षणमा सहभागि हुने व्यक्तिहरुबाट खेलको प्रकृति र प्रशिक्षकको उपलब्धताका आधारमा नगर खेलकुद विकास समितिले मासिक शुल्क लिन सक्नेछ ।

३४. प्रशिक्षकले आवश्यक सामानको सूचि तयार गरी समितिमा माग गर्ने, प्रशिक्षण सामाग्रीको अभिलेख राखी हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र प्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३५. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३६. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्थ भएको सूचना मिलेमा नगर खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३७. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी स्वीकृती भए अनुसार गरिनेछ ।

## परिच्छेद-९

## नगर खेलकुद विकास कोषको व्यवस्था

३८. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापकका लागि नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

**३९. कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ :**

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संघ, संस्था वा कुनै व्यक्तिबाट प्राप्त रकम

ख) नगरपालिकाबााट प्राप्त रकम

ग) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

घ) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम

ङ) नगरभित्रका टीम, क्लबवाट आवेदन शुल्क, फाराम शुल्क र प्रशिक्षकबाट प्राप्त शुल्क र प्रशिक्षणबाट प्राप्त शुल्क

च) समितिले प्राप्त गरेको पुरस्कार, चन्दा र सहयोग रकम

**४०. यस कोषको संचालन अध्यक्ष र सदस्य सचिवको हस्ताक्षरबाट हुनेछ ।कोषको लेखा पद्धती नगरपालिकाको लेखा पद्धती सरहनै हुनेछ ।**

४१. नगर खेलकुद विकास समितिको निर्णयानुसार रकम खर्च गरिनेछ । समितिको बैठक बस्न नसकेको अवस्थामा खर्च गर्नुपर्ने भएमा अध्यक्षले त्यस्तो खर्च गरी त्यसपछि

बस्ने समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ । यस्तो खर्च एक पटकमा रु. २५,०००।- भन्दा बढी हुने छैन ।

४२. कोषको रकम खेलकुद गतिविधि संचालनका अतिरीक्त खेलकुद पूर्वाधार निर्माण, मर्मत सम्भार तथा सामाग्री व्यवस्थापनमा समेत खर्च गर्न सकिनेछ ।

४३. कोषको कूल आम्दानीको १०% भन्दा बढी कार्यालय प्रयोजनको लागि तलबभत्ता वा प्रशासनिक खर्च गर्न पाइनेछैन । सो भन्दा बढी खर्च हुने अवस्था आएमा नगरपालिकाको स्वीकृती लिनु पर्नेछ ।

## परिच्छेद-१०

## खेलकुद पूर्वाधार निर्माण तथा मर्मत

४४. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४५. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार नगर खेलकुद समितिले कोषबाट मर्मत सम्भार गर्नेछ । तर, रकम अपुग भई कोषबाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४६. खेलकुद पूर्वाधार (स्टेडियम, खेलकुद भवन, कर्वड हल मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न नगर खेलकुद समितिको निर्णयानुसार माग भई आएमा नगरपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम् सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद-११

## अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार

४७. **अनुशासनको कारवाही** : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उल्लंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ । तर, एक वर्षमा तीन पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्षसम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा नगर खेलकुद विकास समितिले निलम्बन गर्न सक्नेछ

४८. वर्ष भरीका उत्कृष्ट खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद समितिको सिफारीसमा नगर कार्यपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

## परिच्छेद-१२
## विविध

१. नगरपालिकाले तोके बमोजिमको समितिको छुट्टै छाप, लेटरप्याड र साइनबोर्ड हुनेछ ।

२. कर्मचारी तथा अन्य आवश्यकताका बारेमा नगरपालिकासँग समन्वय गरी गर्नुपर्नेछ ।

३. नगरपालिकासँग समन्वय गर्दा समितिको निर्णय सहित सदस्य सचिवले प्रमुख प्रशासकीय अधिकृत समक्ष गर्नुपर्नेछ ।

४. कुनै विषयमा अस्पष्टता भई स्पष्ट पार्नु परेमा वा विवाद भई अन्तिम निर्णय दिनु परेमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

५. स्वीकृत वजेटको सिमाभित्र रहि खर्च गर्ने गरी समितिका पदाधिकारी र सदस्यको सुविधा र वैठक भत्ता सम्बन्धमा निम्न अनुसार हुनेछ ।

(क) नगर खेलकुद विकास समितिको वैठक कम्तिमा महिनाको एक पटक वस्नेछ ।

(ख) समितिका सदस्यहरुलाई वैठक वस्दा वैठक भत्ता वापत प्रति व्यक्ति **रु.१५००।-** का दरले नियमानुसार कर कट्टा गरि उपलब्ध गराईने छ ।

(ग) नगर खेलकुद विकास समिति सयोजकलाई टेलिफोन, पत्रपत्रिका, यातयात र विविध खर्च वापत प्रति महिना **रु.५०००।-** (पाचहजार) भत्ता उपलब्ध गराईने छ । वडा स्तरीय खेलकुद विकास समिति अनुगमन गर्न वा खेलकुद सम्बन्धी अन्य कार्यको लागि नगर प्रमुखको स्वीकृतीमा अधिकृतस्तरको कर्मचारीले पाए सो सरह दै.भत्ता पाउने गरि अनुगमनमा खटाउन सकिने छ ।